शारदा नगरपालिका
SHARADA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
खलंगा, सल्यान
KHALANGA, SALYAN
कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL

# सेवा करारमा लिने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०३/११

प्रस्तुत विषयमा यस शारदा नगर कार्यपालिकाको मिति २०८३/०२/०४ गतेको निर्णयानुसार शारदा नगरपालिकामा देहायको पदमा करार सेवामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | परीक्षा किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५-२०८२/०८३ | माली | तहविहीन | ३ | प्रारम्भिक सूची तथा अन्तर्वार्ता | |
| २ | १६-२०८२/०८३ | बगैचे | तहविहीन | १ | प्रारम्भिक सूची तथा अन्तर्वार्ता | |
| ३ | १७-२०८२/०८३ | टेलिफोन अपरेटर | चौथो | १ | प्रारम्भिक सूची, लिखित तथा अन्तर्वार्ता | |

न्यूनतम योग्यता र सर्तहरू:।

- शैक्षिक योग्यता: माली तथा बगैचे पदको हकमा सामान्य लेखपढ गर्न सक्ने तथा टेलिफोन अपरेटर पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC / SEE वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।
- माली र बगैचे पदका लागि बगैंचा, फूलबारी तथा बिरुवा संरक्षण सम्बन्धी कार्य अनुभव भएकालाई तथा टेलिफोन अपरेटर पदका लागि टेलिफोन सञ्चालन, कार्यालय व्यवस्थापन तथा कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई प्राथमिकता दिइनेछ।
- आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।
- महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
- नैतिक पतन देखिने कुनै पनि फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।

आवश्यक कागजातहरू:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति।

४. सम्बन्धित कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि।

आवेदन दस्तुर र बुझाउने स्थान:

- आवेदन दस्तुर: माली र बगैचे पदको हकमा रु. ३००/- (तीन सय रुपैयाँ मात्र) र टेलिफोन अपरेटर पदको हकमा रु. ५००/- (पाँच सय रुपैयाँ मात्र)।
- आवेदन दिने स्थान: नगरपालिकाको कार्यालय।
- दरखास्त दस्तुर र दरखास्त बुझाउने अन्तिम मिति: २०८३/०३ /१७ गते कार्यालय समयभित्र। (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र।)

५. अन्य विवरण:

- सेवा सुविधा: करार सम्झौतामा उल्लेख भएबमोजिम।
- परीक्षा मिति: पछि प्रकाशित गरिनेछ।

नोट: रीत नपुगी आएका वा म्याद नाघी प्राप्त भएका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन।

२०८३/०३/११

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत